# बर्दघाट नगरपालिका

## नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम)

## लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र


| | | | |
|---|---|---|---|
| खण्ड:१ | अङ्क:२ | जेष्ठ २ गते २०८३ साल | सङ्ख्या:२ |


भाग:

नगर कार्यपालिकाको मिति २०८३/०१/२४ गतेको निर्णयबाट स्वीकृत देहायबमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

## “बर्दघाट नगरपालिकाको सार्वजनिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थापन मापदण्ड २०८३”

प्रस्तावना: बर्दघाट नगरपालिकाअन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूमा दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाइ वातावरणको सुनिश्चितता गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने प्रयोजनका लागि बर्दघाट नगरपालिकाको नगर शिक्षा ऐन-२०७७ (संसोधन सहित) को दफा ५७ (भ) बमोजिम नगर कार्यपालिकाले सार्वजनिक विद्यालयको तह मिलान तथा शिक्षक व्यवस्थापनका लागि यो मापदण्ड तयार गरी लागु गरिएको छ।

## परिच्छेद-१

प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ: १.यस मापदण्डको नाम बर्दघाट नगरपालिकाको सार्वजनिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थापन मापदण्ड, २०८३ रहने छ।

२. यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) "विद्यालय" भन्नाले नगरपालिका भित्र सञ्चालित सार्वजनिक विद्यालय सम्झनु पर्दछ।

ख) " तह मिलान" भन्नाले कक्षा १-५ सञ्चालित विद्यालयलाई कक्षा १-३ कायम गर्ने, कक्षा १-८ सञ्चालित विद्यालयलाई कक्षा १-५, कक्षा १-१० सञ्चालित विद्यालयलाई कक्षा १-८ कायम गर्ने भन्ने बुझ्नुपर्दछ।

ग) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिका सम्झनु पर्दछ।

घ) "शिक्षक" भन्नाले सार्वजनिक विद्यालयमा कार्यरत स्थायी, करार, राहत र नगरअनुदानमा कार्यरत शिक्षक सम्झनु पर्दछ।

## परिच्छेद-२

विद्यालयको तह मिलानका आधारहरू

३. विद्यालयमा आवतजावत गर्न लाग्ने समय र दुरी : विद्यालयहरुबीचको दुरी ५ किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको सुविधा प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरू,

४. विद्यार्थी सडख्या: तहगत रुपमा देहायअनुसारको विद्यार्थी सडख्या नभएका विद्यालयका तहहरू मिलान गर्ने

| तह | कक्षा ४-५ | कक्षा ६-८ | कक्षा ९-१० |
|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | २४ | ३६ | २४ |

तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दुरी आधा घण्टा भन्दा कम भएको र न्यूनतम विद्यार्थी संख्या नभए पनि विद्यालय गाभ्न वाध्य पारिने छैन ।साथै कुनै विद्यालयमा विद्यार्थी संख्या २० जना भन्दा कम भएमा कार्यपालिकाले विद्यालय समायोजन प्रक्रिया अगाडी बढाउन सक्ने छ।

५. मापदण्ड बमोजिम तह मिलान गर्दा तह मिलान हुने शैक्षिकसत्र भन्दा अघिल्लो शैक्षिक सत्रको विद्यार्थी सङ्ख्यालाई आधारको रुपमा लिइनेछ।

६. दफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक सत्र २०८३ को हकमा कुनै विद्यालयले शैक्षिक सत्र सुरुभएको एक महिना भित्र विद्यालयको विद्यार्थी सङ्ख्या दफा ४ बमोजिम पुर्याएको अवस्थामा त्यस्तो विद्यालयको तह मिलान गरिने छैन।

७. विद्यालयको तह मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्य शैक्षिक सत्र सुरु भएको ४५ दिन भित्र गरिसक्नु पर्नेछ।

८. शिक्षक व्यवस्थापनका आधारहरू

विद्यालयको तहमिलान गर्दा विद्यालयमा बढि हुन आउने दरबन्दी स्थानान्तरण गर्दा देहायको प्राथमिकताका आधारमा गर्ने,

१. माध्यमिक तथा निम्नमाध्यमिक तहको शिक्षकको हकमा विषयगत आवश्यकताका आधारमा कनिष्ठ शिक्षकलाई दरबन्दी सहित स्थानान्तरण गर्ने।

२. प्राथमिक तहको दरबन्दी रिक्त रहेको भएमा रिक्त दरबन्दी स्थानान्तरण गर्ने।

३. स्वेच्छिक रुपमा जान चाहाने शिक्षकको लागि निवेदन आह्वान गरी प्राप्त निवेदनका आधारमा स्थानान्तरण गर्ने।

४. निवेदन दिने शिक्षकको हकमा महिलालाई प्राथमिकता दिने अन्यको हकमा कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने।

५. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि निम्नमाध्यमिक र माध्यमिक तह सञ्चालित विद्यायलयको हकमा शिक्षा नियमावली -२०५९, को नियम ९२ सँग सम्बन्धित अनुसूची १२ को विद्यालयमा रहने शिक्षक दरबन्दी सम्बन्धी व्यवस्थाको प्रतिकुल नहुने गरी व्यवस्थापन गर्ने।

आज्ञाले,

बाबुराम पौडेल

प्रमुख प्रशासकीय अधिकृत